नेपाल सरकार

**गृह मन्त्रालय**

**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**

टेलिफोन : ४२११४६१, ४२११९३८

४२००८९४, ४२००८९५

फ्याक्स : ४२००७१४

टोल फ्रि नं. १६६००१९६६६६


पत्र संख्या :- ०८२/८३

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :-

सिंहदरबार,
काठमाडौं, नेपाल

मिति : २०८२/१२/०९

ने.सं. ११४६, चौलाथ्व, सोमबार

## सूचना

राष्ट्रिय परिचयपत्रको विवरण दर्ता गर्दा सेवाग्राहीहरूले अनलाईन आवेदन (Online Pre-enrollment) फाराम भर्दा भोग्नुपर्ने समस्यालाई सम्बोधन गरी यसमा लाग्ने समय, झन्झट र लागतको न्यूनीकरण गर्न हाल सञ्चालनमा रहेको केन्द्रीकृत नागरिकता व्यवस्थापन सूचना प्रणाली (CCIMS) र राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (NIDMIS) बीच सेवा अन्तरआवद्धता भएको छ । मिति २०८२।१२।०८ गते जिल्ला प्रशासन कार्यालय, ललितपुरबाट आजै नागरिकताको प्रमाणपत्र प्राप्त गरेका सोही जिल्ला निवासी दुई नागरिकलाई Online Pre-enrollment फाराम नभरी उल्लेखित नागरिकता प्रणालीसँगको अन्तरआवद्धताबाट प्राप्त विवरण दर्ता गरी माननीय गृह मन्त्री श्री ओमप्रकाश अर्यालज्यूबाट बाग्मती प्रदेशका सबै जिल्लाबाट यस सेवाको शुभारम्भ भइसकेको छ । मिति २०८२।१२।०८ देखि जारी भएका नयाँ नागरिकता प्राप्त गरेका नागरिकहरूले २०८२।१२।१० देखि देशभरका सबै जिल्ला/इलाका प्रशासन कार्यालयहरू, राष्ट्रिय परिचयपत्र इकाईहरूबाट Online Pre-enrollment फाराम नभरीकन राष्ट्रिय परिचयपत्रको जैविक (Biometric) विवरण दर्ता गराउन सक्नेछन् । उल्लेखित मितिभन्दा अघि नागरिकता प्राप्त गरेका नागरिकहरूको हकमा अनलाईन आवेदन (Online Pre-enrollment) फाराम भरेर सेवा प्राप्त गर्न सक्ने व्यहोरासमेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

२०८२/१२/०९
(तुलसी प्रसाद दाहाल)
निर्देशक


Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np